



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन ०५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 20 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२२

# ट्रायलमैं चल्दैछ महानगरको पानी प्रशोधन केन्द्र

प्रस, वीरगंज, ४ साउन/

नेपाल सरकार, शहरी विकास मन्त्रालय, वीरगंज महानगरपालिका, नगर विकास कोष तथा एशियाली विकास बैंकको संयुक्त लगानीमा मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना अन्तर्गत वीरगंज महानगर–१ शान्तिनगरमा निर्मित फोहर पानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भएर उद्घाटन भएको दुई वर्ष बित्न लाग्दा पनि सञ्चालनमा आउन सकेको छैन ।


तस्वीर: नितेश कर्ण

मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत निर्मित पानी प्रशोधन केन्द्रको २०७६ भदौ १० गते तत्कालीन शहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले उद्घाटन गरेका थिए ।

सो आयोजना अन्तर्गत निर्मित पानी प्रशोधन केन्द्रमा वीरगंजका सबै घरका शौचालयको फोहर पानीलाई प्रशोधन गरी श्रीसिया नदीमा बगाउने योजना हो । तर अहिले यो योजना दुई वर्षदेखि थाती रहेको छ। वीरगंजमा यो योजना अन्तर्गत बनाइएका नालामा वीरगंजका घरधनीहरूले शौचालयको फोहर पानी नबगाउँदा पानी प्रशोधन केन्द्र प्रयोगविहीन भएको वीरगंज महानगरका सेनिटरी महाशाखा प्रमुख इन्जिनीयर राजीव सिंहले बताए। उनले अहिलेसम्म पानी प्रशोधन केन्द्र ट्रायलमा दैनिक डेढ/दुई घण्टा सञ्चालन गर्दै आएको बताए ।

मेशिनरी उपकरण खराब हुन सक्ने भएकोले अहिलेसम्म शौचालयका पानी नालामा जोडिएको ५० घर र विश्व बैंकको सहयोगमा यसअघि निर्मित महानगरको दश फुटे मुख्य नालाको पानीबाट दैनिक ट्रायल गरिंदै आएको प्रमुख सिंहले बताए। उनले प्रशोधन केन्द्र निर्माण हुनुअगावै वीरगंज महानगरपालिकाले यससम्बन्धी सूचना जारी गरेको थियो तर केन्द्र निर्माण भएपछि पनि घरधनीहरूले महानगरको सूचनालाई बेवास्ता गर्दै आएका छन् ।

अहिलेसम्म ५० घरपरिवारले मात्र शौचालयको पानी नालामा विर्सजन गर्दै आएका र सबैलाई सो नालामा शौचालयको पानी विसर्जनका लागि यस आवदेखि महानगरपालिकाको पहलमा काम शुरू गरिने उनले बताए। महानगरले बितेको नगरसभाबाट १२ जना प्लमर नियुक्त गर्ने निर्णय गरेको र यो आवमा सो नियुक्तिसँगै घरधनीहरूको शौचालयको पानी नालामा मिसाउने कार्य गरिने प्रमुख सिंहले बताए। कसैको शौचालय घरको पछाडि भागमा भएको र नालासम्म पाइप बिछ्याएर बगाउनुपर्ने भएकोले घरधनीहरूले यसमा खर्च गर्न अग्रसर नभएका हुन् ।

तर अब सो कार्य महानगरपालिकाले गर्ने र सोबापतको भुक्तानी सम्बन्धित घरधनीसँग असुल उपर गर्नुका साथै शौचालयको पानी नालामा बगाएबापत लाग्ने शुल्क पनि दाबी गरिने प्रमुख सिंहले बताए । मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना र सघन शहरी विकास योजना अन्तर्गत दुई चरणको कार्यक्रमबाट वीरगंज महानगरपालिकाका करीब चार हजार घरको शौचालयको पानी नालामा विसर्जन गर्ने योजना छ ।

महानगरपालिकाले एक करोड लिटर पानी प्रशोधन गर्ने गरी पानी प्रशोधन केन्द्रको निर्माण गरेको हो । अहिले दैनिक सञ्चालनका लागि पनि कम्तीमा अढाई लाख लिटर पानी आवश्यक हुन्छ ।

दीर्घकालीन योजना अन्तर्गत महानगरको बस्ती बढ्ने हुँदा एक करोड लिटर फोहर पानी प्रशोधित गरेर श्रीसिया नदीमा विसर्जन गर्ने गरी यो प्रशोधन केन्द्र निर्माण गरिएको हो ।

# पर्साका पालिकाले खर्च विवरण बुझाएनन्

नितेश कर्ण, वीरगंज, ४ साउन/

कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साले जिल्लाका १४ वटै पालिकाले आव २०७७/७८ को हरहिसाब हालसम्म नपठाएको जनाएको छ ।



तस्वीर: प्रतीक

असार मसान्त सकिएको चार दिन बितिसक्दा र आवको अन्तिम चेक भुक्तानी गरिएको असार २४ गतेपछि पालिकाहरूले गरेका खर्च कोलेनिकामा पठाउनुपर्नेमा अहिलेसम्म नपठाएको बुझिन आएको छ ।

कोलेनिकाका प्रमुख रुद्र कार्कीले सङ्घ र प्रदेश सरकारबाट १४ वटा पालिकालाई विनियोजित बजेटको हरहिसाब अहिलेसम्म कुनै पनि पालिकाले नबुझाएको बताए ।

कोलेनिकाबाट वीरगंज महानगरले सङ्घ सरकारको अनुदान रु १ अर्ब ४३ करोड ८५ लाख १३ हजार बुझेको थियो भने प्रदेश सरकारबाट आएको रु ४ करोड ९१ लाख निकासा बुझेको थियो।

यसैगरी, आव २०७७/७८ मा पोखरिया नगरपालिकाले सङ्घीय सरकारबाट रु ३५ करोड २८ लाख ५ हजार र प्रदेश सरकारबाट रु २ करोड १ लाख ८ हजार, बहुदरमाई नपाले सङ्घीय सरकारबाट रु ३२ करोड ७४ लाख ७२ हजार, प्रदेश सरकारबाट रु २ करोड ३ लाख ६१ हजार, पर्सागढी नपाले सङ्घीय सरकारबाट रु २९ करोड ४८ लाख ९६ हजार, प्रदेश सरकारबाट रु २ करोड ३ लाख ७० हजार निकासा बुझेका थिए ।

यसैगरी, गापाहरूमा पकाहामैनपुर गापाले सङ्घ सरकारबाट रु २० करोड ५२ लाख ६५ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख ३३ हजार, कालिकामाई गापाले सङ्घ सरकारबाट रु २२ करोड २२ लाख ४९ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख ३३ हजार, धोबिनी गापाले सङ्घ सरकारबाट रु २१ करोड ४६ लाख ४५ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख ४२ हजार, ठोरी गापाले सङ्घ सरकारबाट रु २९ करोड ४३ लाख ५ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख ४८ हजार, विन्ध्यवासिनी गापाले सङ्घ सरकारबाट रु २४ करोड ८८ लाख ८५ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख ३९ हजार, सखुवाप्रसौनी गापाले सङ्घ सरकारबाट रु ३२ करोड ६७ लाख ८६ हजार, प्रदेश सरकारबाट रु २ करोड १ लाख ६३ हजार, पटेर्वासुगौली गापाले सङ्घबाट रु २७ करोड ७७ लाख ७९ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख ५६ हजार, जगरनाथपुर गापाले सङ्घ सरकाराबाट रु २७ करोड ९५ लाख ३१ हजार, प्रदेश सरकारबाट रु २ करोड १ लाख ६५ हजार, छिपहरमाई गापाले सङ्घ सरकारबाट रु २५ करोड ८ लाख २१ हजार, प्रदेश सरकारबाट रु २ करोड १ लाख ५१ हजार र जीराभवानी गापाले सङ्घ सरकारबाट रु २५ करोड ४४ लाख ६८ हजार, प्रदेश सरकारबाट रु १ करोड ९९ लाख १ हजार निकासा प्राप्त गरेका थिए ।

सङ्घ र प्रदेश सरकारबाट प्राप्त अनुदान निकासा गराएका पालिकाहरूले खर्चको हरहिसाब भने दिन ढिला गरेका छन् ।

पत्रकार तथा सञ्चारमाध्यमले बालबालिका सम्बन्धी सामग्री सङ्कलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्यहरू गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# बिग्रिएको सडक महानगरद्वारा मरम्मत

प्रस, वीरगंज, ४ साउन/

वीरगंज महानगरपालिकाले घण्टाघर–पावरहाउस चोकसम्म फोरलेन सडक अन्तर्गत आफ्नोतर्फको दुई लेनको सडक निर्माण गरेपछि सोही सडकखण्डमा सडक विभाग अन्तर्गत पर्ने दुई लेनको अर्को सडक भत्किएकामा अहिले महानगरले मरम्मत सम्भार शुरू गरेको छ ।

प्रमुख इन्जिनीयर राकेश साहले बताए। तलबाट पानीको मुहान फुटेर सडक भत्केको कारण सो स्थानमा ढलान सडक विभागतर्फको दुई लेन सडकमा पानी जम्ने र ठाउँ–ठाउँमा खाल्डा परेका थिए । घण्टाघरदेखि पावरहाउस चोकसम्म फोरलेन सडकमा १४ वटा मोड छन् । ती मोडमा महानगरले बनाएको पिच सडक उँचो भएपछि सडक विभाग अन्तर्गतको दुई लेन सडकमा पानी जम्ने र खाल्डो पर्ने गरेको छ ।


वीरगंजको साल्ट ट्रेडिङअगाडिको मुख्य सडकको खाल्डाखुल्डीमा ढलान गर्दै । तस्वीरः प्रतीक

सडक विभागतर्फको भत्किएको सडकखण्ड तत्काल मरम्मत गर्न आवश्यक भएकोले महानगरले साल्ट ट्रेडिङअगाडि चारवटा खाल्डोमा ढलान गरेर मरम्मत गरेको महानगरका योजना गरिएको हो ।

महानगरपालिकाले निर्माण गरेको दुई किलोमिटर लम्बाइको सडकखण्ड सडक विभागले निर्माण गरेको सडकको बराबर हुनेगरी नबनाएर अग्लो बनाएपछि

## छोटकरी


### पोखरीमा डुबेर बालकको मृत्यु

प्रस, सप्तरी, ४ साउन/

पोखरीमा डुबेर सोमवार सप्तरीमा एकजना बालकको ज्यान गएको छ । जिल्लाको महदेवा गाउँपालिका वडा नं ४ बलियामा बालकको मृत्यु भएको हो ।

स्थानीय मोहम्मद मुस्ताकका सात वर्षीय छोरा मोहम्मद इजराइलको पोखरीमा नुहाउने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । सोही स्थानका लक्ष्मीनारायण मठको स्वामित्वमा रहेको पोखरीमा सोमवार बिहान नुहाउने क्रममा बालकको डुबेर मृत्यु भएको हो। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

रू ३५ हजार राशिको
सुबोध
स्मृति
पुरस्कार
२०७८



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ ।

इमेल: prateekdaily@gmail.com
अनलाइन: eprateekdaily.com
फेसबूक: facebook.com/prateekdainik

आयोजकः
प्रतीक

## विचारसार र सूक्तिहरू

**समयसँग लडेर जसले आफ्नो भाग्य बनाउँछ, मानिस त्यही हो, जसले आफ्नो नियति स्वयम् तय गर्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चर्चा मात्र हुन्छ, काम हुँदैन

**नेपालमा वनक्षेत्र घट्दै छ, काठको चोरी–तस्करी रोकिँदैन, वनको जग्गा व्यक्तिको अतिक्रमणमा परिरहेको छ, पुराना रूखहरूको स्थानापन्न गर्न वृक्षारोपण गरिँदैन, रोपिएका बिरुवाहरूको हेरचाह हुँदैन र मासिन्छ । यस्ता कुरा हामीले बारम्बार गरिरहेका छौं । वन–जङ्गल मानिसको लागि कति आवश्यक छ भन्ने कुरा अब त साना कक्षाका साना बालबालिकाहरूलाई पनि ज्ञात छ । वन–जङ्गलले बाढी–पहिरो रोक्छ, त्यसको क्षति न्यून पार्न मदत गर्छ । वन–जङ्गलले त्यहाँ बस्ने प्राणी (जनावर, चराचुरुङ्गी, सरिसृप, कीट–पतङ्गलगायत) मात्रको पोषण गर्दैन, मानिसको लागि अति आवश्यक सुविधा प्रदान गर्छ । मानवका लागि वन–जङ्गलप्रदत्त सुविधा धेरैजसो अप्रत्यक्ष हुन्छ, त्यसैले मानिसले यसको संरक्षणमा ध्यान दिँदैन । हामी बाँच्नका लागि जनावर, चराचुरूङ्गी, कीट–पतङ्ग सबैको सन्तुलित जीवन आवश्यक छ भन्ने कुराको त हामीलाई बोध पनि छैन । घना जङ्गलले बादललाई आकर्षित गरी पानी पार्छ । जङ्गलका पात–पतिङ्गर वर्षाका बेला बगेर खेतबालीका लागि सर्वोत्तम पोषक तत्त्व बन्छ । यसले वायु प्रदूषणको शमन गर्छ, वायुलाई फिल्टर गरेर प्राणीका लागि अनुपयुक्त तत्त्व सोसेर शुद्ध वायु प्रदान गर्छ । एउटा परिवारमा बाबुले कमाउने, आमाले घर व्यवहार चलाउने, दिदी–बहिनीले आमालाई सघाउने, दाजुभाइले बाबुको काम सघाउने भयो भने परिवार सुखी र सम्पन्न भएजस्तै सम्पूर्ण प्राणी जगत्ले हामीलाई कुनै न कुनै रूपमा सघाउने गर्दछ । तीमध्ये कुनैको पनि लोप हुनु हाम्रो लागि दुर्भाग्यको कुरा हुन्छ ।**

**आज शहर बजारमा जताततै दुर्गन्ध छ, सिनो गन्हाइरहेको हुन्छ, त्यो वस्तु विसर्जनमा मदत गर्ने मुर्दाखोर गिद्ध आज लोप हुँदै गइरहेको छ । मृत शरीर खाएर बाँच्ने कीटहरू आज अस्तित्वहीनताका अवस्थामा पुगेका छन् । र यी सबैको कारण हाम्रो अवैज्ञानिक रहनसहन, अति कृत्रिम वस्तुहरूको उपभोग र मूर्खतापूर्ण लालसा हो । देशका विभिन्न सञ्चार माध्यमहरूमा वन–जङ्गलको विनाशको अघोर दुष्परिणामका समाचार, लेख, विश्लेषणहरू आइरहेका हुन्छन् तर देशको सरकार र जनताको चाला भने हिंड्दो छ, पाइला मेट्दो छजस्तै भएको छ । अबको युगमा त वन–जङ्गल संरक्षण गर्दा देशले आम्दानी पनि पाउँछ । जुन देशमा जति बढी हरियाली छ, त्यस देशले विश्वको त्यति नै मात्राको प्रदूषण सोस्दछ । यस कार्यका लागि त्यस देशले अन्तर्राष्ट्रिय समुदायबाट मूल्य पाउँछ । यसर्थ सर्वउपकारी वन–जङ्गल मासेर धन कमाउने कि वन–जङ्गलको अपार उपलब्धिको उपभोग गर्दै यसको संरक्षण गरेर आम्दानी पनि प्राप्त गर्ने ?**

**यद्यपि मानिसका धेरै यस्ता अपरिहार्य आवश्यकता छन् जसको पूर्ति वन–जङ्गलबाट हुन्छ । मानिसको गृह निर्माण, इन्धन आदिका लागि काठ आवश्यक हुन्छ । त्यसको ठाउँमा वृक्षारोपण गरिन्छ । तर हामीले के हेक्का राख्नुपर्छ भने एउटा परम्परागत वनले हामीलाई जे जति सुविधा र अन्यान्य उपहार (पर्यावरणीय सन्तुलन, जडिबुटी आदि) दिन्छ, त्यस अवस्थासम्म पुग्न एउटा नयाँ वनलाई कम्तिमा चार सय वर्ष लाग्छ । समृद्ध र सभ्य मुलुकहरूले आज आफ्ना गाउँ–बस्तीलाई जङ्गलले घेर्न थालेका छन् । हाम्रो अवस्था भने विपरीत छ । हामी जङ्गल घेरेर गाउँ–बस्ती बसाउन थालेका छौं । जङ्गलमा गाउँ–बस्ती बसाएर जनावरहरूले सास्ती दिए भन्दै मूर्खतापूर्ण जनावरविरोधी क्रियाकलाप गर्न तम्सन्छौं ।**

# वर्तमान संविधानको सफलताको चुनौती

स्वतन्त्र विचार




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**हामी राष्ट्र तथा राष्ट्रियताभन्दा बढी महत्त्व आफ्नो निजी स्वार्थलाई दिन्छौं । वर्गीय, क्षेत्रीय, जातीय र साम्प्रदायिक कुरालाई बढी जोड दिन्छौं । त्यही भएर हाम्रो उत्कृष्ट संविधानले न त सबैको मन जित्न सकेको छ, न त सफल नै हुन सकेको छ ।**

कुनै पनि मुलुकको मूल कानून संविधान हो । जसको मातहतमा नै अन्य कानूनहरू हुन्छन् । यसैले मुलुकमा कस्तो व्यवस्था र नागरिक अधिकार छ, संविधानको प्रावधानबाट नै बुझ्न सकिन्छ । मुलुकको व्यवस्थाको ऐना संविधान हो भने संविधानको ऐना प्रस्तावना हो । यसैले कानून सधैं बनिरहन्छ तर संविधान सदियौंपछि बन्छ । संविधान बनाउनलाई मुलुकले निकै बलिदान दिनुपर्छ । नागरिकले निकै सङ्घर्ष गर्नुपर्छ । विनासङ्घर्ष अहिलेसम्म कुनै पनि मुलुकले संविधान पाएको छैन । जुन मुलुकमा धेरै संविधान बनिसकेका छन्, त्यो मुलुकमा जनतालाई शासकले निकै कष्ट दिएको र जनताले अनेकौं कष्टका बावजूद पनि आफ्नो अधिकारको लडाइँमा बहादुर भई विजय हासिल गरेको बुझ्नुपर्छ । जनताले निकै बलिदान दिएको बुझ्नुपर्छ । सत्तरी वर्षको सानो अवधिमा मुलुकले ६ वटा संविधानको अभ्यास गर्नुले नेपाली जनता शासकबाट अत्यधिक पीडित रहेको सङ्केत गर्छ । निकै पीडापछि आएको सुखलाई मान्छेले भाग्न नदिने हरसम्भव प्रयास गर्छ तर विडम्बना हामीकहाँ त्यो चेत नै छैन । लामो सङ्घर्ष एवं खर्चपछि आएको वर्तमान संविधान मुताबिक गठन भएको दुई तिहाइ बहुमतको सरकार आफ्नो कार्यकालसम्म नचलेको दुःखद दृष्टान्त छ नै सर्वोच्च संसद्लाई नै सरकारले दुईपटक विघटन गऱ्यो । तर सर्वोच्च अदालतले संसद्लाई जीवनदान दिएको छ । संसदीय सर्वोच्चता अँगालेको संविधान भएको मुलुकमा दुई/दुई पटक मृत संसद्लाई ब्यूँताउने न्यायालयको भूमिकाले मुलुक संसदीय सर्वोच्चतामा होइन कि न्यायिक सर्वोच्चतामा रहेको पुष्टि हुन्छ । जुन कमन ल प्रणालीको प्रभाव हो । यद्यपि हामीले कमन ल, सिलि ल, हिन्दू ल लगायतका अनेकौं प्रणालीको मिश्रित व्यवस्था अपनाएका छौं । यसबाट राजनीतिक शक्तिहरूमा जनताको बलिदानको खासै महत्त्व नरहेको आभास हुन्छ । जुन निकै चिन्ताजनक छ । दुई तिहाइ बहुमतको एकल सरकार विस्थापित भएर अल्पमत पाएको दलको सरकार गठन भएको छ । अदालतको फैसला अनुसार ३० दिनभित्र विश्वासको मत साबित गर्न सकेन भने मध्यावधि चुनावको विकल्प छैन । तर वर्तमान सरकारले विश्वासको मत सजिलै पाएको छ ।

निवर्तमान सरकारले आफ्नो दलगायत एउटा दलबाहेक सबैलाई विभाजित गरेको छ । विश्वासको मत उही शक्तिको हातमा थियो, जुन निवर्तमान सरकारको दलबाट न त अलग भएको छ, न त दलभित्र नै छ । यस अवस्थामा पचासौं वर्षको लगानी खेर फाली नयाँ दल खोल्ने कि पुरानै दलमा रहने दोसाँध पनि छ । नयाँ दल खोल्नु सहज छैन किनभने यसअघि त्यही पार्टीबाट कतिजनाले दल खोले तर सफल नभएपछि पुनः मिल्न बाध्य भएको इतिहास छ । संसद्को समयावधि अहिले धेरै छ । यसर्थ संसद्को अवधि छँदै चुनावमा जानु संविधानको ठूलो असफलता हो । यो असफलता निर्माताहरूको हो ।

संवैधानिक कानूनको इतिहास हेर्दा सन् १२१५ को बेलायतको म्याग्नाकार्टाको सिद्धान्तलाई बेलायतको अलिखित संविधानको रूपमा मात्र होइन, नागरिकको अधिकारको स्रोतको रूपमा मानियो र सो बेलादेखि अन्य मुलुकहरूले पनि लिखित मूल कानूनको आवश्यकता महसूस गरी संविधान बनाउन थाले । अहिले लगभग सबै मुलुकमा लिखित संविधान छ । संविधानको पूर्ण परिपालना तथा संविधानभन्दा माथि कोही नहुने संविधानवाद जस्ता सिद्धान्त कायम छ । संविधानले विधिशास्त्रका विभिन्न सिद्धान्तलाई अङ्गीकार गर्दै कानून एवं संवैधानिक सिद्धान्तलाई निरन्तरता दिएको छ ।

विधिशास्त्रका अनुसार कानून परिवर्तनशील हुन्छ तथा कानूनका सिद्धान्तहरू परिवर्तनशील हुँदैनन् । जस्तै प्राकृतिक कानून परिवर्तनशील हुँदैन । त्यसैगरी, कानूनका सिद्धान्त परिवर्तनशील हुँदैन । जस्तै प्राकृतिक कानून अनुसार दिनपछि रात, वर्षायाममा पानी पर्ने, जाडोयाममा जाडो हुने, ऋतु अनुसार फूल फुल्ने, पशुपक्षीहरूले मैथुन गर्ने, सन्तान उत्पादन गर्ने कार्य पहिले पनि थियो र अहिले पनि छ । यसैगरी, संविधानका सिद्धान्त व्याख्याले परिवर्तन हुँदैन । यसैले भनिएको छ कि कानून निर्माता, संविधान निर्माता होइन । कानून निर्माताले संविधानलाई तोडमडोर गरेर कानून बनाउन सक्दैन । विधायिकाले संविधान संशोधन गर्न सक्छ तर संविधानलाई परिवर्तन गर्न सक्दैन । यो सिद्धान्तलाई भारतको सर्वोच्च अदालतले आफ्नो नजीरमार्फत पनि बोलेको छ । संविधानको मर्म अनुसारको व्याख्यामा कानूनको विशुद्ध सिद्धान्तले पनि वकालत गर्छ । अस्ट्रियाका प्रोह्यान्स केल्सन यस सिद्धान्तका प्रतिपादक हुन् । बीसौं शताब्दीतिर जब प्राकृतिक कानूनको प्रकोप चर्मोत्कृष्ट अवस्थामा थियो, त्यो बेलामा प्राकृतिक कानूनको कटु आलोचना गर्दै कानूनी विशुद्ध नियमको सिद्धान्त प्रतिपादन गरे । उक्त समयमा प्रथम विश्वयुद्धपछि युरोपेली महाद्वीपका विभिन्न देश लिखित संविधान निर्माणका क्रममा थिए । यो सिद्धान्त आज पनि जस्ताको त्यस्तै लागू छ । हामीकहाँ सत्तरी वर्षमा ६ वटा संविधान जारी भए तर आआफ्नो मनपरी व्याख्याको कारण कुनै पनि संविधान लामो समयसम्म टिकेन । जबकि अन्य मुलुकका संविधान सयौं वर्षसम्म जीवित मात्र छैनन्, मुलुकलाई विकसित एवं शक्तिशाली पनि बनाएका छन् । जस्तै भारत र अमेरिकाको संविधान । दक्षिण अफ्रिकाको संविधान । बेलायतमा लिखित संविधान नै नभए पनि प्रजातन्त्रको जननी मानिन्छ भने त्यहाँको अलिखित दस्तावेज अन्य मुलुकका संविधानको स्रोत बनेको छ । जापानको संविधान त सैनिक शासकले बनाएका थिए । जसलाई त्यहाँको संसद् डायटले हूबहू पारित मात्र गरेन, हालसम्म उही संविधान लागू छ । हामीकहाँ सबैभन्दा प्रजातान्त्रिक विधि संविधानसभाबाट बनेको संविधान पाँच वर्ष नबित्दै असफलताको चरम बिन्दुमा पुगेको छ । नेपालमा सबैभन्दा लामो समयसम्म राजाले बनाएको संविधान–२०१९ नै टिक्यो । यसबाट संविधान बनाउने विधिभन्दा संविधानको परिपालना गर्ने राजनीतिक संस्कारको महत्त्व दर्शाएको छ । हामी बलिदान दिन्छौं, संविधान बनाउँछौं तर हामी आफ्नो मानसिकता परिवर्तन गर्दैनौं । हामी राष्ट्र तथा राष्ट्रियताभन्दा बढी महत्त्व आफ्नो निजी स्वार्थलाई दिन्छौं । वर्गीय, क्षेत्रीय, जातीय र साम्प्रदायिक कुरालाई बढी जोड दिन्छौं । त्यही भएर हाम्रो उत्कृष्ट संविधानले न त सबैको मन जित्न सकेको छ, न त सफल नै हुन सकेको छ । यसमा राजनीतिज्ञ, नागरिक एवं बौद्धिक जमात सबै जिम्मेवार छन् । कुनै पनि परिवर्तन संस्थागत हुन सक्दैन ।

२००४ सालका राणा प्रधानमन्त्रीको घोषणादेखि हालसम्म ६ वटा संविधान जारी भए । यसअघिका सबै संविधान र वर्तमान संविधानमा मूलभूत फरक के हो भने विगतको संविधानले एकात्मक शासन व्यवस्था र राजतन्त्रात्मक प्रणालीलाई बोकेको थियो भने वर्तमान संविधान अढाई सय वर्षको राजतन्त्र एवं एकात्मक शासनलाई अन्त्य गर्दै सङ्घीय गणतन्त्रात्मक व्यवस्थाको स्थापना गरेको छ । जुन प्रमुख उपलब्धि मात्र होइन, वर्तमान संविधानको मुख्य विशेषता पनि हो । तर यतिले संविधानको सफलताको मापन हुन सक्दैन । वर्तमान संविधानको यो विशेषतालाई लगभग सबै शक्तिले स्वीकार गरेका छन् । जुन संविधानको लागि अवसर हो । यसर्थ वर्तमान संविधान यसअघिका अन्य संविधानभन्दा पृथक एवं लोकतान्त्रिक रहेकोले यसको संरक्षणमा ध्यान दिनुपर्छ । मध्यावधि चुनावमा गएर संविधानको असफलता देखाउनुभन्दा संविधानलाई सफल पार्नेतर्फ विचार गर्नुपर्छ । यसर्थ वर्तमान अवस्था निकै चुनौतीपूर्ण रहेकोले सहज बनाउनेतर्फ पहल हुनुपर्छ ।

# वडा कार्यालय भवनको उद्घाटन

प्रस, वीरगंज, ४ साउन/

बारा, परवानीपुर गाउँपालिका–४ चैनपुरमा नवनिर्मित वडा कार्यालय भवनको वडाध्यक्ष गजेन्द्रप्रसाद पटेलले उद्घाटन गरेका छन् ।

रु ४० लाखको लागतमा निर्मित भवनको उद्घाटन गर्दै वडाध्यक्ष पटेलले आफूले घोषणा गरेबमोजिम वडा कार्यालय भवन निर्माण गरेको बताए ।

उनले वडा कार्यालय भवन निर्माणपछि वडाबाट प्रवाह हुने सेवा प्रभावकारी हुने दाबी गरे । उनले यसै वर्ष भवनको दोस्रो तला थप गर्ने प्रतिबद्धता जनाए ।

भवन उद्घाटन समारोहमा गापा उपाध्यक्ष सावित्री देवी, वडाध्यक्ष मिश्री महतो, ईश्वरी साह तेली, प्रहरी चौकी बुनियादका इन्चार्ज सुनीलसिंह राजपूत, वडासचिव सन्तोषकुमार नेपालीलगायतको सहभागिता थियो ।



चैनपुरको वडा कार्यालय उद्घाटन गर्दै वडाध्यक्ष पटेल । तस्वीरः प्रतीक

# लोहार सेवा समितिको भेला

प्रस, सिम्रौनगढ, ४ साउन/

लोहारहरूको सङ्गठन विश्वकर्मा माग गरे । भेलामा समितिका वरिष्ठ सल्लाहकार महादेव ठाकुरले स्वागत र



तस्वीरः प्रतीक

लोहार सेवा समितिको भेला सिम्रौनगढमा सम्पन्न भएको छ । भेलाका अध्यक्ष सोनालाल ठाकुरले गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले लोहारलाई दलितमा समावेश गरेकोमा खुशी व्यक्त गरे । उनले गृहको सो निर्णयलाई अविलम्ब कारबाईमा ल्याउन किशोर ठाकुरले सहजीकरण गरेका थिए ।

भेलामा सोनालाल ठाकुर, सुजीत शर्मा, जनक ठाकुर, किशोरी ठाकुर, कन्हैया ठाकुर, अशोक ठाकुर, शिवशङ्कर ठाकुरले मन्तव्य व्यक्त गरेका थिए । भेलामा करीब दुई सयजना लोहार जातिको सहभागिता थियो ।

# हत्या अभियोगमा पाँचजना पक्राउ

प्रस, सप्तरी, ४ साउन/

कुटपिटबाट एकजनाको मृत्यु भएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पाँचजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

जिल्लाको खडक नगरपालिका–९ लालपट्टीमा बितेको जेठ २४ गते राति वैदेशिक रोजगारको विषयको विवाद कुटपिटमा परिणत हुँदा सो स्थान निवासी मो. दाउदको मृत्यु भएको थियो ।

७० वर्षीय दाउद वैदेशिक रोजगारमा गएका युवकका पिता हुन् । आफ्नो छोरालाई विदेशमा राम्रो काम नदिएको भन्दै एजेन्टसँग विवाद हुँदा दुई पक्षबीच झडप भएको थियो ।

सोही झडपमा परी दाउदको मृत्यु भएको हो । दाउदको मृत्युपछि फरार भएका कुटपिटमा संलग्न पाँचजनालाई पक्राउ गरिएको सप्तरी प्रहरीका प्रवक्ता माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

पक्राउ पर्ने सोही नगरपालिका वडा नं ९ बस्ने ५५ वर्षीय कालिस मियाँ, ३२ वर्षीय नजबुल मियाँ, ६० वर्षीय रफुवा मियाँ, ४२ वर्षीय इजराइल मियाँ र ३२ वर्षीय जाकिर मियाँलाई सोमवार जिल्ला प्रहरी कार्यालले सार्वजनिक गरेको हो । अभियुक्तहरूलाई जिल्लाको बोदे बर्साइन नगरपालिका वडा नं ९ स्थित नेपाल–भारत सीमा क्षेत्रमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरिएको प्रहरी प्रवक्ता काफ्लेले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा थप ३८ हजार १६४ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ४ साउन/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ३८ हजार १६४ जना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमवार जानकारी दिएको छ । भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ११ लाख ४४ हजारभन्दा बढी पुगेको छ ।

भारतमा अहिले पनि कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या चार लाख २१ हजार ६६५ रहेको अधिकारीले जनाएका छन् ।

पछिल्लो एक दिनमा कोरोना भाइरसका कारण थप ४९९ जनाको मृत्यु भएको पनि मन्त्रालयले सोमवार जानकारी दिएको छ । कोरोना भाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख १४ हजार १०८ पुगेको पनि सो मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा ३८ हजार ६६० कोरोनामुक्त भएपछि भारतमा तीन करोड ३ लाख ८ हजार ४५६ व्यक्ति कोरोनामुक्त भएका छन् ।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४४ करोड ५४ लाख २२ हजार २५६ जनाको स्वाब परीक्षण गरेको छ । तीमध्ये १४ लाख ६३ हजार ५३९ जनाको स्वाब परीक्षण जुलाई १७ का दिन भएको छ ।

त्यसैगरी, गत जनवरी १६ बाट भारतमा कोरोना भाइरसविरुद्धको खोप अभियान शुरू भएको थियो । सो समयदेखि अहिलेसम्म ४० करोड ६४ लाख ८१ हजार ४९३ वटा कोरोना भाइरसविरुद्धको खोप प्रयोग भएको छ ।

### बेलायतमा बढ्दै कोभिड-१९ को सङ्क्रमण, २४ घण्टाभित्र ४८ हजारभन्दा बढी सङ्क्रमित

लन्डन/सिन्हवा

बेलायतमा कोरोना महामारीका थप सङ्क्रमितहरू देखिएका बताइएको छ । यहाँ पछिल्लो हप्ता हरेक दिनजसो सङ्क्रमितहरू बढेका छन् । दुई महीनाअघिदेखि निकै शक्तिशालीरूपमा देखा परेको 'इन्डियन कोभिड भेरियन्ट' को सङ्क्रमण बेलायतमा हाल तीव्ररूपमा बढ्न थालेको बताइएको छ ।

यहाँ गएको २४ घण्टाभित्र ४८ हजारभन्दा बढी सङ्क्रमित देखिएका प्राप्त समाचारमा जनाइएको छ । योसमेत गरी बेलायतमा अहिलेसम्म सङ्क्रमित हुने व्यक्तिको सङ्ख्या ५४ लाख ३३ हजार पुगेको पनि समाचारमा जनाइएको छ । साथै गएको २४ घण्टाभित्र यस सङ्क्रमणबाट २५ जनाको निधन भएको छ । योसमेत गरी बेलायतमा कोरोनाको सङ्क्रमणबाट निधन हुने व्यक्तिको सङ्ख्या १ लाख २८ हजारभन्दा बढी पुगेको बताइएको छ ।

बेलायतमा पछिल्लो समयमा यसको सङ्क्रमण बढेको तथ्याङ्कले देखाएको छ । बेलायतमा पछिल्लो समयमा 'इन्डियन कोभिड भेरियन्ट'को सङ्क्रमण फैलिएको बताइएको छ ।

यो भेरियन्ट पहिलाको तुलनामा बढी सङ्क्रामक रहेको विज्ञहरूले बताएका छन् ।

बेलायतमा ८८ प्रतिशत वयस्कले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन् भने अरू ६८ प्रतिशतले दोस्रो मात्रा नै लिएका बताइएको छ ।

बेलायतका स्वास्थ्यमन्त्रीले यो खोपको वितरण कार्यलाई प्राथमिकतामा राखिएको बताएका छन् । बेलायतमा खोप लगाउने कामलाई निकै प्राथमिकतामा राखिएको भएपनि यहाँ सङ्क्रमितहरू थपिने क्रम भने रोकिएको छैन । पछिल्ला हप्ताहरूमा मृत्युदर भने कम भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

### सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख ८९ हजार नाघ्यो

बेइजिङ/सिन्हवा

कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख ८९ हजार नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा ४० लाख ८९ हजार १७५ जनाको मृत्यु भएको छ । विश्वभरि कुल सङ्क्रमितको सङ्ख्या १९ करोड ४ लाख ४१ हजार ६५४ जना रहेका छन् । विश्वभर तीन अर्ब ६३ करोड ६४ लाख ४४ हजार ४ मात्रा कोरोनाविरुद्धको खोप लगाइएको छ । रासस

# पाकिस्तानमा सडक दुर्घटना, २७ जनाको मृत्यु

इस्लामाबाद, ४ साउन/सिन्हवा

पाकिस्तानमा सोमवार बिहान भएको सवारी दुर्घटनामा परी कम्तीमा २७ जनाको मृत्यु भएको छ । देशको पञ्जाब प्रान्त अन्तर्गत पर्ने डेरा घाजी खान जिल्लाको टौन्सा बाइपासनजीकै भएको घटनाका कारण अरू ३० जना घाइतेसमेत भएका अधिकारीहरूले जानकारी दिएका छन् । तीव्र गतिमा आएको बस ट्रेलरको पछिल्लो भागसँग ठोक्किंदा दुर्घटना भएको घटनास्थलमा पुगेका प्रहरीहरूले जनाएका छन् । घटनाका बारेमा थाहा पाउनासाथ प्रहरी र उद्धारकर्ताहरू घटनास्थलमा पुगेका थिए । प्रहरीले घटनाका बारेमा थप अनुसन्धान भइरहेको जानकारी दिएको छ ।



पाकिस्तानमा ट्रेलरको पछिल्लो भागमा ठोक्किएको बस । तस्वीरः सिन्हवा

घाइतेहरूलाई नजीकैका अस्पतालहरूमा भर्ना गरेर उपचार भइरहेको जनाइएको छ । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको पनि बताइएको छ । रासस


## वर्गीकृत विज्ञापन








## वीरगंज महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा
प्रदेश नं २ (नेपाल)

### क्याटलग सपिङ विधिबाट उपकरण (ट्रान्सफर्मर) खरीदका लागि सूचीकृत हुन आह्वान गरिएको सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७८/०४/०५*

यस कार्यालय प्रयोजनको लागि चालू आव २०७८/७९ मा आवश्यक उपकरण (ट्रान्सफर्मर) उपलब्ध गराउन इच्छुक इजाजतप्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत र आधिकारिक विक्रेताले कम्पनी र फर्म दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, लेटर अफ अथोराइजेशन र आव २०७६/७७ को आयकर चुक्ता प्रमाणपत्रलगायतका कागजातहरूका प्रतिलिपिहरू समावेश गरी वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७७ को नियम ३४ अनुसार उपकरण (ट्रान्सफर्मर)को उत्पादनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधासहितको गुणस्तरको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी मिति २०७८/०४/१८ गते कार्यालय समयभित्र मौजुदा सूचीमा सूचीकृत हुन सिलबन्दी निवेदनसहित कागजात पेश गर्नुहुन उत्पादक तथा आधिकारिक विक्रेताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | उपकरणको नाम | संक्षिप्त विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | BMC/NCB/GOODS/ 2078-079/01 | Supply and Delivery of 500 KVA OLTC Distribution Transformer | ● 11/0.4 kV<br>● 500 kVA OLTC<br>● 3 Phase 50 Hz<br>● ON/AC Cooling | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

# हंस कभी किचड नहीं खाय

नेपाली काङ्ग्रेस अहिले १४औं महाधिवेशनको तयारीमा जुटेको छ । देउवा प्रधानमन्त्री भएपछि उनको काँधमा दोहोरो जिम्मेवारी थपिएको छ । नेपाली काङ्ग्रेसका महाधिवेशनहरू विगतमा तपसिलका मितिमा विभिन्न स्थानमा सम्पन्न भएका थिए ।

**मन्तव्य**



कुमार रुपाखेती

> **नेपाली काङ्ग्रेसमा परापूर्वकालदेखि नै 'लडे सिपाही नाम सरदारका' जस्तै अवस्था छ । यही वीरगंजमा पनि नेपाली काङ्ग्रेसका थुप्रै यस्ता सिपाही छन्, जो काङ्ग्रेस भनेपछि हुरुक्क हुन्छन् । यिनको बुई चढेर थुप्रै नेता सरदार बने । सरदार बनेपछि सिपाहीलाई चटक्क बिर्सने वीरगंजेली काङ्ग्रेसको परम्परा नै हो ।**

प्रथम महाधिवेशन २००३ माघ १२ गते बनारसमा, दोस्रो २०४४ माघ २० गते बनारसमैं, तेस्रो २००५ फागुन १८ गते दरभङ्गामा, चौथो २००६ चैत २७ गते कोलकाता, पाँचौं २००९ जेठ १० गते जनकपुरमा, छैटौं २०१२ माघ ९ गते वीरगंजमा, विशेष महाधिवेशन २०१४ विराटनगरमा, सातौं २०१७ वैशाख काठमाडौंमा, आठौं २०४८ फागुन १ गते झापामा, नवौं २०५३ वैशाख १५ काठमाडौंमा, दशौं २०५७ माघ पोखरामा, एघारौं २०६२ भदौ १ गते ललितपुरमा, बाऱ्हौं २०६७ असोज १ गते काठमाडौंमा र तेऱ्हौं २०७२ काठमाडौंमा भएका थिए ।

काङ्ग्रेसका केन्द्रीय सभापतिहरू क्रमशः मातृका कोइराला (२००५, दरभङ्गा, भारत), विपी कोइराला (२००९ जनकपुर), सुवर्ण शम्शेर (२०१२ वीरगंज), विपी कोइराला (२०१४ विराटनगर (विशेष महाधिवेशन), विपी कोइराला (२०१७ लक्ष्मी निवास, काठमाडौं), कृष्णप्रसाद भट्टराई (२०३४ कार्यवाहक), कृष्णप्रसाद भट्टराई (२०४८ कलवलगुडी, झापा), गिरिजाप्रसाद कोइराला (२०५३ काठमाडौं), गिरिजाप्रसाद कोइराला (२०५७ पोखरा, गिरिजाप्रसाद कोइराला (२०६२ काठमाडौं, सुशील कोइराला (२०६७ काठमाडौं, शेरबहादुर देउवा २०७२, काठमाडौं) भएका थिए ।

२०१८ सालमा सशस्त्र सङ्घर्षको घोषणा गरेको काङ्ग्रेसले २०३३ पुस १६ गते राष्ट्रिय मेलमिलापको मिति आह्वान गरेको थियो भने २०४२ सालमा सत्याग्रह आन्दोलन गरेको थियो । २०४६ माघ १५ गते चाक्सीबारी काठमाडौंबाट जनआन्दोलनको घोषणा गरेको थियो । थुप्रै राजनीतिक उतारचढाव देख्ने एकमात्र राजनीतिक दल हो, नेपाली काङ्ग्रेस । काङ्ग्रेसकै जोडबलमा २०४६ फागुन ७ गते बहुदलीय व्यवस्था नेपालमा स्थापना भएपछि २०४६ चैत २६ गते कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भए । २०४८ सालमा गिरिजाप्रसाद कोइराला निर्वाचित प्रधानमन्त्री बने । २०५६ असारमा काङ्ग्रेस विभाजन भयो । ६ वर्षपछि २०६४ असोज ७ गते नेपाली काङ्ग्रेस पुनः एकीकरणको सूत्रमा बाँधियो ।

एकीकरण गर्दा भनिएको थियो– नेपालमा शुरूका दिनदेखि नै जनताको पक्षमा लड्ने दलहरूमा विभाजन ल्याइ जनतालाई कमजोर पार्ने, लोकतन्त्र स्थिर हुन नदिने खेलहरू बारम्बार खेलिंदै आएका छन् । यसै पृष्ठभूमिमा झन्डै ६ वर्षअगाडि विभाजित हुन पुगेको हाम्रो पार्टी नेपाली काङ्ग्रेस आज एकताबद्ध हुन पुगेको छ । नेका महासमितिको यो संयुक्त बैठक नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा एक महान् अवसरको रूपमा एकीकरणको स्वागत गर्दछ । २०१४ सालमा भएको विराटनगर जुट मिलको आन्दोलनलाई (मजदूर हडताल) नेपाली काङ्ग्रेस अझै पनि महत्त्वपूर्ण आन्दोलन अथवा प्रजातन्त्रप्राप्तिमा अगुवा आन्दोलन ठान्दछ ।

**नेका महासमितिको काम, कर्तव्य र अधिकार**

महासमितिले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यको निर्वाचनबाहेक महाधिवेशनको सबै कार्य गर्नेछ ।

**महासमितिको कार्यविधिः** महासमितिको साधारण बैठक प्रत्येक एक वर्षमा एकपटक हुनेछ । तर महाधिवेशन हुने वर्षमा महासमितिको बैठक हुनेछैन । केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महासमितिका ४० प्रतिशत सदस्यले कारण खुलाइ बैठक बोलाउन केन्द्रसमक्ष लिखित अनुरोध गरेमा तीन महीनाभित्र महासमितिको बैठक बोलाउनुपर्छ ।

२००६ सालको नेकाको एउटा घोषणापत्र यस प्रकार छ– 'नेकाको ध्येय प्रस्ट छ । यसले महाराजधिराजको वैधानिक नायकत्वमा जनताप्रति उत्तरदायी शासन कायम गर्न चाहन्छ । निरङ्कुश राणाशाहीले अरूलाई जस्तै महाराजाधिराजलाई समेत स्वतन्त्रताबाट वञ्चित राखी अधिकारविहीन तुल्याएको छ । आज हामी महाराजधिराजलाई बन्दीतुल्य जीवनबाट मुक्त गरी राज्यको प्रधान पदमा बहाल गर्न चाहन्छौं ।'

तर प्रजातन्त्रप्राप्तिपश्चात्को पहिलो आमनिर्वाचनमा दुई तिहाइ बहुमत ल्याउँदासमेत नेका राज्य सञ्चालनमा नकारा साबित भयो । २०७४ सालको निर्वाचनमा झन्डै दुई तिहाइ सिट ल्याएका कम्युनिस्टहरू पनि अहिले राज्य सञ्चालनमा नकारा नै साबित भएका छन् ।

नेपाली राजनीतिमा एक जमानामा काङ्ग्रेस चिल्ला कुरा गर्न र कम्युनिस्टहरू खस्रा कुरा गर्न सिपालु मानिन्थे । अचेल त मुकुन्डो उत्रिएका यिनीहरू 'चोर–चोर मौसेरा भाइ'जस्तै देखिन्छन् ।

लकडाउनमा सरकारले सवारीसाधनमा जोर–बिजोर प्रणाली लागू गरेझैं नेपाली सत्ताको केन्द्रमा पालापाली उक्लने काङ्ग्रेस–कम्युनिस्टबीचको प्रतिस्पर्धा यथावत् छ । सहज परिस्थितिमा 'एकला चलो रे' भन्ने यिनीहरू असहज परिस्थितिमा जुनसुकै राजनीतिक वैशाखी पनि बोकेर हिंड्न अलिकति पनि लजाउँदैनन् । अहिले पनि प्रचण्ड र माधवको वैशाखीमा अडेको काङ्ग्रेसको लागि राजनीति सत्ता त अब 'वो दिन गये जब खलील खाँ फाख्ता उडाया करते थे' जस्तै टाढा भएको छ । देउवाका लागि प्रधानमन्त्री पद अचेल 'भुखेको गुलर पकवान' बनेको छ । 'लोभीका पेट सदा खाली' भनेको यही हो । देउवा र रामचन्द्रबीच अचेल पार्टी सभापति पद 'यारके गुस्सा भतारके उपर' बनेको छ । काङ्ग्रेसी युवाहरू बूढाहरूको पदलोलुपता देखेर वाक्क बनेका छन् । त्यसैले त उनीहरू सभापति पदमा देउवा र पौडेलको दावेदारीलाई 'सापनाथ वैसे जैसे नागनाथ' भन्छन् । त्यसो त काङ्ग्रेसमा सबै नेता 'लङ्कामें सब बावन (५२) गजके' जस्तै देखिन्छन् ।

नेपाली काङ्ग्रेसमा परापूर्वकालदेखि नै 'लडे सिपाही नाम सरदारका' जस्तै अवस्था छ । यही वीरगंजमा पनि नेपाली काङ्ग्रेसका थुप्रै यस्ता सिपाही छन्, जो काङ्ग्रेस भनेपछि हुरुक्क हुन्छन् । यिनको बुई चढेर थुप्रै नेता सरदार बने । सरदार बनेपछि सिपाहीलाई चटक्क बिर्सने वीरगंजेली काङ्ग्रेसको परम्परा नै हो ।

भनिन्छ, जबसम्म काङ्ग्रेसले 'बाप न मारी मेढकी, बेटा तिरन्दाज'को नीति त्याग्दैन र 'प्यादे से बजिर भयो, टेढोमेढो जाय' वाला नीति त्याग्दैन, तबसम्म यिनको अवस्थामा सुधार आउने लक्षण देखिंदैन । काङ्ग्रेसले बुझ्नैपर्छ 'सिर सलामत तो पगडी हजार' अनि त जनताले वाहवाही गर्दै भन्छन्– 'हंस कभी किचड नहीं खाय ।' धन्यवाद !

# थारू समुदायद्वारा कङ्कालीमाईको पूजा

प्रस, सिम्रौनगढ, ४ साउन/

थारू समुदायका महिलाहरूले



तस्वीरः प्रतीक

कङ्कालीमाईको पूजा शुरू गरेका छन् । तिथिले असार महीनाभरि सञ्चालन हुने यो पूजा अझै साउन १० गतेसम्म चल्नेछ ।

पूजा गरेर थारू समुदायले रोपाइँ शुरू गर्ने चलन रहेको ज्योतियादेवीले बताइन् । बारा, सिम्रौनगढ–७ स्थित शक्तिपीठ कङ्कालीमाईमा थारू समुदायका महिलाहरूले पूजा गर्दै आएका छन् ।

यो पूजा दौरवा, खोपवा, बिर्ता, जुअवा, बिसुनपूर्वा, बारागढी, मुसहर्ना, बाझोपट्टि, अमरपट्टि, कोल्हवी, शीतलपट्टि, बेलवा, धोधढपा, बतरालगायतमा बसोबास गर्ने थारू महिलाहरूले गर्दै आएका हुन् ।

सिम्रौनगढस्थित कङ्कालीमाई परिसरमा रहेको त्रिलोकीनाथ महादेव, पार्वती मन्दिर, ठाकुर मन्दिरलगायतका मन्दिरमा उनीहरूले पूजा गर्छन् ।

ठूलो सङ्ख्यामा महिलाहरू शुक्रवार र सोमवार यो पूजा गर्दै आएका छन् । यही दुई दिन सिम्रौनगढमा बजार पनि लाग्ने गर्दछ । पूजाको कारण असारभरि बजारको दिन फलफूल, तरकारी महँगोमा बिक्री भएको थियो ।

# प्रहरी चौकी भवनको शिलान्यास

प्रस, वीरगंज, ४ साउन/

बारा, देवताल गाउँपालिका–४ स्थित प्रहरी चौकी देवताल पिपराढीगोठको



तस्वीरः प्रतीक

नवनिर्मित भवनको सोमवार उद्घाटन भएको छ ।

बाराका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल र प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले संयुक्तरूपमा नवनिर्मित प्रहरी चौकी भवनको उद्घाटन गरेका थिए ।

देवताल गापाका अध्यक्ष चन्दनकुमार सिंहको अध्यक्षतामा उद्घाटन समारोह सम्पन्न भएको प्रहरी चौकी देवतालका प्रमुख प्रहरी सहायक निरीक्षक शेख रहल्लाहले बताए ।

# यस वर्षको साउने मेला पनि प्रभावित

## पहिलो सोमवार जिल्लाभरिका मन्दिरमा भीड भएन

प्रस, वीरगंज, ४ साउन/

कोभिडको कारण पर्सा जिल्लाका मठमन्दिर बन्द रहे पनि साउन महीनामा आज अन्य मठमन्दिरमा पनि भक्तजनहरूको सङ्ख्या कम थियो। नगन्य सङ्ख्यामा भक्तजनहरू मन्दिरमा पुगेका अधिकृत सन्तोष भगतले सर्वसाधारणलाई पूजापाठको लागि रोक लगाइएको बताए। उनले कोभिड सङ्क्रमण हालसम्म


वीरगंजको अलखियामठ मन्दिर र जीराभवानी गापाको बाबा बट्टेश्वरनाथ मन्दिर। तस्वीरः प्रतीक

लाग्ने मेलाको लागि प्रशासनको स्वीकृतिबेगर मठमन्दिर खोलिएका छन् तर भक्तजनहरूको चाप भने निकै कम छ। साउनको पहिलो सोमवार वीरगंजको अलखियामठ मन्दिरमा भक्तजनहरूको अचाक्ली भीड हुने गर्दथ्यो तर यसपटकको साउनको पहिलो सोमवार आज भीड देखिएन। मन्दिर केही दिनदेखि पूर्ण सञ्चालनमा छ तर भक्तजनहरू भने कमै आउने गरेको मन्दिर स्रोतले जनाएको छ।

यसैगरी, साउनको पहिलो सोमवार थिए। यसैगरी, पर्सा जिल्लाका विभिन्न स्थानमा लाग्ने साउने मेला पनि यस वर्ष पनि प्रभावित रह्यो। गत वर्ष पनि कोरोनाको कारण जीराभवानी गापा–१ मा लाग्ने बाबा बट्टेश्वरनाथ (जीराभवानी मेला), वडा नं ५ झकरा मसिहानीस्थित शिवालय, पटेर्वासुगौली गापा अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्जमा पर्ने दुग्धेश्वर महादेव र पर्सागढी नपा–१ कोइलाभारस्थित शिवालयमा पनि लाग्ने मेला प्रभावित भएका थिए।

पर्सा राष्ट्रिय निकुञ्जका वन संरक्षक नटरेको कारण सर्वसाधारणलाई पूजापाठमा रोक लगाइएको तर निर्माण कार्य भने भइरहेको बताए। उनले निर्माण समितिले सहकार्य गरेको खण्डमा आगामी दिनमा पूजापाठको लागि खुकुलो पार्न सकिने सङ्केत गरे।

पर्सागढी नपाको कोइलाभारस्थित शिवालयको मन्दिर संरक्षण समितिका अध्यक्ष बेचन खवासले पनि कोरोना सङ्क्रमणको कारण सामान्य पूजापाठ मात्र गरिएको र भीड हुन नदिएको बताए।

# ब्राउनसुगरसहित वडाध्यक्ष/सदस्य पक्राउ

प्रस, वीरगंज, ४ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले आइतवार राति साढे १० बजे नम्बरको मोटरसाइकल चेकजाँच गर्दा फिल्टर बक्समा लुकाइएको ७९ ग्राम ब्राउनसुगरजस्तो वस्तु बरामद भएको रामआदेश सहनीलाई पक्राउ गरेको जनाएको छ।

पक्राउ परेका अमेरिका सहनी


ब्राउनसुगरसहित पक्राउ परेका तीनजनालाई सार्वजनिक गर्दै पर्सा प्रहरी। तस्वीर सौजन्यः जिप्रका, पर्सा

ब्राउनसुगरसहित एकजना वडाध्यक्ष, सदस्य र अर्का शङ्कास्पद व्यक्तिसहित तीनजनालाई पक्राउ गरेको जनाएको छ।

इप्रका पोखरियाको टोलीले वीरगंज महानगर–१९ बर्वामा ना.१प ३५९५ प्रहरीले जनाएको छ। प्रहरीले सो शङ्कास्पद वस्तु बरामद भएपछि मोटरसाइकल चालक पकाहामैनपुर गापा–१ धोरे बस्ने ५५ वर्षीय अमेरिका सहनी र पछाडि बस्ने ५२ वर्षीय पकाहामैनपुर गापा–१ का अध्यक्ष हुन्।

यसैगरी, सोही मोटरसाइकलको पछिपछि आएको ना.६२प १९४२ नंको मोटरसाइकलमा सवार सोही ठाउँ निवासी ४० वर्षीय बलिष्टर सहनीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। बलिष्टर वडासदस्य भएको बताइएको छ। पक्राउ परेका तीनैजनालाई इप्रका पोखरियामा राखिएको र लागूऔषध सम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ।






# वीउवासङ्घ र रक्सौल स्टेशनका अधिकारीबीच छलफल

प्रस, वीरगंज, ४ साउन/




वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरू र छिमेकी भारत रक्सौल रेलवे स्टेशनका अधिकारीहरूबीच छलफल भएको छ।

सङ्घको सभाहलमा भएको छलफल कार्यक्रममा अध्यक्ष सुबोधकुमार गुप्ताले रक्सौल रेलवे स्टेशनलाई भौतिक पूर्वाधारसहित स्तरोन्नति गर्नुपर्ने सुझाव दिए। उनले स्टेशनभित्र पार्किङ, क्यान्टिनको उचित व्यवस्था गर्न र क्रसिङमा ओभर ब्रिज निर्माण गर्न पनि सुझाव दिए।

सो क्रममा रक्सौल रेलवे स्टेशनका मास्टर अनिलकुमार सिंहले मोटरसाइकल र पैदल यात्रुको लागि ओभरब्रिच निर्माणको प्रक्रिया अगाडि बढेको र अविलम्ब निर्माण हुने तथा ठूला सवारीसाधनको लागि ओभर ब्रिज निर्माण गर्न माथिल्लो निकायको ध्यानाकर्षण गराउने बताए। उनले स्टेशनमा सुलभ टिकटको व्यवस्थाको लागि अटोमेटिक टिकेटिङ मेशिन राख्न लागिएको बताए। उनले स्टेशनको भौतिक पूर्वाधार सुधारमा अग्रसर भएको र क्यान्टिन तथा पार्किङको व्यवस्थापनको लागि आफूले सक्दो प्रयास गर्ने बताए।

छलफल कार्यक्रममा उपाध्यक्ष माधव राजपाल, कोषाध्यक्ष गोविन्द शाह, सहसचिव अनोज रूँगटा, रक्सौल स्टेशनका सञ्जय कुमारलगायतले मन्तव्य व्यक्त गरेका थिए।

सङ्घका उपाध्यक्ष अनिल अग्रवालले धन्यवाद दिएको कार्यक्रममा उपाध्यक्ष हरि गौतम, महासचिव मनोजकुमार दासलगायतको सहभागिता थियो।

# परिचालकद्वारा महानगरपालिकालाई ज्ञापन

प्रस, वीरगंज, ४ साउन/

वीरगंज महानगरका सामुदायिक सिलाइ केन्द्रका परिचालकहरूले महानगरलाई ज्ञापनपत्र बुझाएका छन्।

बालविकास शिक्षक र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको पारिश्रमिक समानरूपमा रहिआएकोमा चालू आव २०७८/७९ देखि बालविकास शिक्षकहरूको पारिश्रमिक रु १५ हजार निर्धारण भएको तर आफूहरूको पारिश्रमिक भने अहिलेसम्म अन्योलमा रहको भन्दै ६ सूत्रीय मागसहित नगरप्रमुख विजयकुमार सरावगीलाई ज्ञापनपत्र बुझाइएको हो।

बालविकासका शिक्षकहरूभन्दा आफूहरूले बढी काम गर्नुपर्ने र जोखिम उठाउनुपर्ने तर पारिश्रमिक भने उनीहरूभन्दा कम हुँदा असन्तोष सिर्जना भएको, मनोवैज्ञानिक असर परेको र मनोबल खस्केको भन्दै १५ दिनभित्र माग सम्बोधन गर्न आग्रह गरिएको छ।

आफूहरूको पारिश्रमिक राष्ट्रिय श्रम नियम कानूनसम्मत नभएको भन्दै मासिक पारिश्रमिक दिने व्यवस्था गर्नुपर्ने, पारिश्रमिक बालविकास शिक्षकसरह हुनुपर्ने, तालीम दिनुपर्ने, सेवा सुरक्षाको प्रत्याभूति हुनुपर्ने, पोशाक भत्ताको व्यवस्था गर्नुपर्ने तथा क्षमता अभिवृद्धिको लागि सिकाइ केन्द्रको अवलोकन, भ्रमण गराउनुपर्ने माग गरिएको छ।

१५ दिनभित्र माग सम्बोधन नभए चरणबद्ध आन्दोलन गर्ने उनीहरूले चेतावनी दिएका छन्।

नगरप्रमुखसहित प्रमुख जिल्ला अधिकारी र शिक्षा समन्वय समितिलाई पनि ज्ञापनपत्र बुझाइएको मनोज रौनियारले बताए।

# एयरगनसहित एकजना पक्राउ

प्रस, वीरगंज, ४ साउन/

एयरगनसहित एकजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले


तस्वीरः प्रतीक

जनाएको छ।

सखुवाप्रसौनी गाउँपालिका–५ महुवन बस्ने ६० वर्षीय रामबाबूप्रसाद कलवारलाई घरबाटै सोमवार बिहान प्रहरी चौकी महुवनले एयरगनसहित पक्राउ गरेको हो।

पक्राउ परेका कलवारलाई हातहतियारसम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ।

# नारायणीको बहिरङ्ग सेवा पूर्णरूपमा सञ्चालन


मेसु डा वीरेन्द्र प्रधान

प्रस, वीरगंज, ४ साउन/

नारायणी अस्पतालको बहिरङ्ग सेवा पूर्णरूपमा सञ्चालनमा आएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले कोभिड सङ्क्रमणको कारण केही महीना बन्द बहिरङ्ग सेवा असार १८ गतेदेखि प्रतिविभागले २० जना बिरामी हेर्ने गरी खोलिएको र साउन १ गतेदेखि पूर्णरूपमा बहिरङ्ग सेवा सञ्चालनमा ल्याएको बताए।

उनले बहिरङ्ग सेवाका सबै विभागमा अब बिरामीहरूको सङ्ख्या नतोकिएको बताए। बहिरङ्ग सेवाको लागि बिहान ९ देखि ११ बजेसम्म टिकट काटिने र सबै बिरामीको चेकजाँच गरेपछि बहिरङ्ग सेवा बन्द गर्ने उनले बताए।

# भारतद्वारा १५० आइसियू शय्या हस्तान्तरण

प्रस, वीरगंज, ४ साउन/

नेपालका लागि भारतीय राजदूत



तस्वीरः सौजन्य

विनयमोहन क्वात्राले कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई १५० वटा आइसियू शय्या हस्तान्तरण गरेका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सोमवार राजदूत क्वात्राले एक समारोहबीच मन्त्री कार्कीलाई १५० आइसियू शय्या हस्तान्तरण गरे। सो अवसरमा राजदूत क्वात्राले अत्यावश्यक स्वास्थ्य पूर्वाधारमा भारतले नेपाललाई सहयोग गर्ने र महामारी व्यवस्थापनमा समग्ररूपमा भारतको निरन्तर सहयोग रहने प्रतिबद्धता जाहेर गरे।

उनले कोरोना महामारी शुरू भएदेखि भारतले औषधि, आरटी, पिसिआर टेस्ट, भेन्टिलेटरलगायत सामग्री गरी नेपाललाई ६.५ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहयोग उपलब्ध गराएको बताए।

मन्त्री कार्कीले कोभिडविरुद्धको उपचारमा १५० वटा आइसियू शय्या महत्त्वपूर्ण हुने बताए।


## सार्वजनिक सुनवाइ

श्री शिवशक्ति घ्यू उद्योग प्रा.लि.को क्षमता अभिवृद्धिको निमित्त हुन गइरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)को प्रयोजनार्थ तल उल्लिखित मिति, समय र स्थानमा सार्वजनिक सुनवाइ हुने भएकोले सरोकारवालाको उपस्थितिको लागि अनुरोध छ।

मितिः २०७८/०४/०६ बुधवार

समयः ११:३० बजे

स्थान : बारा जिल्ला, जीतपुरसिमरा उमनपा वडा नं ७ स्थित

**श्री शिवशक्ति घ्यू उद्योग प्रा. लि.**

वर्षात्को समयमा बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति हुन सक्दछ; त्यसैले

- बाढी, पहिरो र भूक्षयको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं।
- वर्षात्को समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचित गराऔं।
- स्थानीय आपत्कालीन केन्द्रहरूको स्थापना गरी उद्धार टोली र राहत सामग्रीको जोहो गरौं।
- विपद्को समयमा आपत्कालीन केन्द्रमा तुरुन्त खबर गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग